संघीय संसद

राष्ट्रिय सभा

दिगो विकास तथा सुशासन समिति

मितिः २०७९/०३/२९ गते

जम्मा बैठक संख्याः १०२

आ.व. ०७८/०७९ को बैठक संख्या : २१

नेपालमा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन सम्वन्धी कार्यसूचीमा समितिका माननीय सदस्यहरु, विषयविज्ञ, गृह मन्त्रालय मातहतको विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखा, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण र राष्ट्रिय आपतकालीन कार्य सञ्चालन केन्द्रको सहभागितामा आज वसेको समितिको बैठकको निर्णयहरु देहाय बमोजिम रहेको छः-

१. नेपालमा मनसुन शुरु भइ सकेको सन्दर्भमा विगत वर्षहरुमा झैं बाढी र पहिरोको अत्यधिक जोखिम रहेका भू-भागहरुमा हुन सक्ने विपद् र त्यसवाट प्रभावित हुन सक्ने जनसंख्यालाई मध्यनजर गर्दै जोखिम न्यूनीकरण र समाधानका लागि पूर्व तयारीका सवै उपायहरु अवलम्वन गर्न यस समिति गृह मन्त्रालयलाई निर्देशन दिन्छ ।

२. विगतमा घटेका विपद्का घटनाहरुवाट जोखिममा परेका व्यक्ति तथा परिवारलाई पुनर्स्थापना र पुनर्निमाण सम्वन्धि कार्यहरु के कस्तो प्रगतिको अवस्थामा छन्, सो को जानकारी सात कार्य दिनभित्र यस समितिलाई उपलव्ध गराउन र पीडित व्यक्ति/परिवारलाई तुरुन्त पुनर्स्थापना, पुनर्निर्माण र पुर्वाधारहरु निर्माण गर्न यो समिति गृह मन्त्रालयलाई निर्देशन दिन्छ ।

३. तत्काल घटेका र घट्न सक्ने विपद्हरुको जोखिम न्यूनीकरण गर्न योजना वनाई विपदवाट हुने जोखिम न्यूनीकरण र पुनर्लाभ गर्न नेपाल सरकारले के कस्तो तयारी गरेको छ, सोको विवरण यस समितिलाई उपलव्ध गराउन यो समिति गृह मन्त्रालयलाई निर्देशन दिन्छ ।

४. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ लाई परिमार्जन/संशोधन गरी राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई एक स्वायत्त, अधिकार सम्पन्न र स्वतन्त्र निकायको रुपमा स्थापना/विकास गर्न यो समिति गृह मन्त्रालयलाई निर्देशन दिन्छ ।

५. विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ११ (थ) ले राष्ट्रिय आपतकालीन कार्य संचालन केन्द्रको संचालन तथा व्यवस्थापन गर्ने जिम्मेवारी राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई स्पष्ट रुपमा दिएकोमा हालसम्म गृह मन्त्रालयले उक्त केन्द्रको संचालन तथा व्यवस्थापनको जिम्मेवारी प्राधिकरणलाई हस्तान्तरण नगरेको देखिन्छ । कानूनी व्यवस्था कार्यान्वयन गरी यथाशिघ्र "प्राधिकरण" को मातहतमा "केन्द्र" रहने गरी हस्तान्तरण गर्न/व्यवस्था मिलाउन यो समिति गृह मन्त्रालयलाई निर्देशन दिन्छ ।

अर्को सूचना पछि जारी गर्ने गरी आजको बैठक सम्पन्न भयो ।